बैठक संख्याः १२ - २०८२।०८३

आज मिति २०८३।०२।११ गतेका दिन यस लालझाडी गाउँपालिका गाउँकार्यपालिकाका अध्यक्ष श्री निर्मल राना ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका गाउँकार्यपालिका सदस्यहरुको उपस्थितीमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु पारित गरियो ।

**उपस्थिति :**

१. श्री निर्मल राना ( गाउँपालिका अध्यक्ष )
२. श्री सपना चौधरी राना ( गाउँपालिका उपाध्यक्ष)
३. श्री प्यारेलाल राना ( १ नं. वडा अध्यक्ष)
४. श्री आशाराम राना ( २ नं. वडा अध्यक्ष)
५. श्री टिकाराम डगौरा (३ नं. वडा अध्यक्ष)
६. श्री बहादुर राना ( ४ नं. वडा अध्यक्ष)
७. श्री पहल बहादुर थापा ( ५ नं. वडा अध्यक्ष)
८. श्री हर्कनारायण जोशी ( ६ नं. वडा अध्यक्ष)
९. श्री वसमती राना ( गाउँकार्यपालिका सदस्य)
१०. श्री दिलमाया चौधरी ( गाउँकार्यपालिका सदस्य)
११. श्री विन्दु देवि तिरुवा ( गाउँकार्यपालिका सदस्य)
१२. श्री शान्ती सार्की ( गाउँकार्यपालिका सदस्य)
१३. श्री गीता देवि कोली ( गाउँकार्यपालिका सदस्य)
१४. श्री दुर्गा देवि कामी ( गाउँकार्यपालिका सदस्य)
१५. श्री राज बहादुर सार्की ( सदस्य सचिव)

**बैठक संख्या: ११ आ.व.२०८२।०८३ मिति:२०८३।०२।११ गते बसेको कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं. १**

यस लालझाडी गाउँपालिका पेसवान नेपालको संयुक्त लागत साझेदारीमा सुरक्षित आश्रय स्थल जाने कल्भर्ट निर्माण सम्बन्धमा छलफल गर्दा सो कल्भर्ट निर्माण योजनाको प्राविधिक लागत अनुमान बमोजिम ठेक्का मार्फत आयोजना कार्यान्वयन गर्ने/गराउने ।

**निर्णय नं.२**

स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम सञ्चालनको लागि विनियोजित बजेट कार्यान्वयनको लागि यस पालिकाको स्वास्थ्य शाखाबाट सिफारिस तथा पेश भए बमोजिम तपसिलका शिर्षकहरुमा खर्च गर्ने ।

**तपसिल :**

| क्र.सं. | विवरण | अनुमानित रकम | कैफियत |
|---|---|---|---|
| १ | स्वास्थ्य सम्बन्धी सामाग्री | ६,२६,०००। | |
| २ | इलेक्ट्रोनिक्स सामाग्री (Fan, Water Purifier, Motor, Multi plug, Refrigerator) | ५,००,०००। | |
| ३ | कम्प्युटर,ल्यापटप तथा प्रिन्टर | १०,००,०००। | |
| ४ | फार्मेसी सेवा (MRP सहितको औषधी) | १५,००,०००। | |
| ५ | पर्दा तथा बेडसिट | १,००,०००। | |
| ६ | फर्निचर (Plastic, Chair, Steel Sofa, stool, Revolving Chair, Sofa Set) | ५,००,०००। | |
| ७ | छपाई (OPD Ticket, X-ray Bag, Register | २,००,०००। | |
| | जम्मा | ४४,२६,०००। | |

**निर्णय नं. ३**

यहि मिति २०८३/०२/१२ गतेका दिन पर्न गएको शुक्लपक्ष दशमी तीथिका दिन भकुण्डा स्थित कालेश्वर महादेव नक्टाबाबा मन्दिर र रामलक्ष्मण बाटिकामा गंगा दशहाराको मेला लाग्ने भएकोले सो पर्वको पावन अवसरमा यस पालिका अन्तर्गतका सम्पूर्ण सरकारी कार्यालयहरु,शिक्षण संस्थाहरु एवं संघ संस्थाहरुमा उक्त १ दिन स्थानीय सार्वजनिक विदा दिने ।

**निर्णय नं. ४**

विपद् व्यवस्थानप कोषबाट खर्च व्यहोर्ने गरी विपद् प्रतिकार्यका लागि सामाग्री व्यवस्थापन गर्न आवश्यकता अनुसारका सामाग्रीहरु खरिद गर्ने साथै वडा नं २ कंजमा निर्माण सम्पन्न भै समुद्घाटन भएको आपतकालीन सुरक्षित आश्रय स्थल संचालन तथा व्यवस्थापनका लागि आवश्यक सामाग्रीहरु खरिद गर्ने ।

निर्णय प्रमाणित

लालझाडी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
भकरपुर, कञ्चनपुर

...न बहादुर सार्की
...प्रशासकीय अधिकृत